# मधेशका जिल्लामा सुरक्षाव्यवस्था कडा

**धर्वेन्द्र झा**
*जनकपुरधाम, साउन १२ गते*

सुनसरीमा भएको घटनापछि उत्पन्न परिस्थितिलाई ध्यानमा राख्दै मधेश प्रदेशको राजधानी जनकपुरधामसहित प्रदेशका आठ वटै जिल्लामा सुरक्षाव्यवस्था कडा पारिएको छ।

स्थानीय प्रशासनले सामाजिक सद्भाव कायम राख्नका लागि अपिल गर्दै कुनै प्रकारको अप्रिय घटना हुन नदिनका लागि जिल्लाका सदरमुकाम र सहरबजार क्षेत्रमा व्यापक मात्रामा सुरक्षाकर्मी परिचालन गरी नागरिकको सुरक्षा दिँदै आएका छन्। सुनसरीमा भएको घटना ध्यानमा राखेर मङ्गलबार जिल्ला प्रशासन कार्यालय धनुषाको अगुवाइमा जनकपुरधाममा सर्वदलीय सर्वपक्षीय बैठकको आयोजना गरिएको थियो।

बैठकले सामाजिक सद्भाव कायम राख्ने, अवाञ्छित गतिविधि रोक्ने, समन्वय र सहकार्य गर्नेसहितका विषयमा विभिन्न छ वटा निर्णय गरेको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी भूदेव झाले जानकारी दिनुभयो। उहाँले दिएको जानकारी अनुसार बहुभाषिक, बहुजातीय र बहुधार्मिक विशेषतायुक्त सहिष्णु समाजको राष्ट्रिय पहिचानलाई जिल्लाभित्र कायम बनाइराख्नु सबैको साझा दायित्व भएकाले विभिन्न धर्म, जातजाति भाषाभाषी एवं सम्प्रदायका नागरिकबिच आपसी सद्भाव, भाइचारा र धार्मिक सहिष्णुता कायम गर्ने/गराउने कार्यमा सबैले आआफ्ना क्षेत्रबाट सहयोग र पहल गर्नेलगायतका निर्णय गरेको छ।



तस्बिर : धर्वेन्द्र झा

**धनुषाको जनकपुरधाममा भएको सर्वपक्षीय बैठकका सहभागी ।**

बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलसहित चार वटै सुरक्षा निकायका प्रमुख, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज साह, विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज र विभिन्न धर्मका धर्म गुरुहरूको सहभागिता रहेको थियो।

## सुरक्षा निकायको सतर्कता

**सर्लाही समाचारदाताका** अनुसार सुनसरीको घटनापछि सर्लाहीमा पनि सुरक्षाव्यवस्था चुस्त पारिएको छ। कोशी प्रदेशको सुनसरीमा भइरहेको प्रदर्शनको असर यहाँ पनि देखिन सक्ने आकलनसहित सुरक्षा निकायले सतर्कता अपनाएको छ। यसै सन्दर्भमा सोमबार सदरमुकाम मलङ्गवामा सर्वपक्षीय बैठक बसेको थियो।

जिल्लामा रहेका धार्मिक सङ्घ संस्थाका प्रमुख तथा प्रतिनिधि, नागरिक अगुवा र सुरक्षा समितिका पदाधिकारीसहितको उपस्थितिमा बसेको बैठकले सामाजिक सद्भाव, आपसी सम्मान र विविधताबिच एकता कायम गर्न सबैसँग अपिल गरेको छ। नकारात्मक गतिविधिलाई कहीँकतै कसैले प्रश्रय नदिने र त्यस्ता क्रियाकलापलाई निरुत्साहित गर्नुका साथै सामाजिक सद्भावमा खलल पुऱ्याउन उद्यत व्यक्तिलाई कानुनी कारबाहीका लागि प्रहरी प्रशासनलाई सूचना दिएर सहयोग गर्ने बैठकमा प्रतिबद्धता व्यक्त गरिएको छ।

सुनसरी घटनापछि जिल्लामा सम्पूर्ण सुरक्षा निकाय 'अलर्ट' अवस्थामा रहेका उहाँले बताउनुभयो। जिल्लामा घट्न सक्ने सम्भावित घटनाप्रति उच्च सुरक्षा सतर्कता अपनाउँदै सदरमुकाम मलङ्गवालगायतका स्थानमा प्रहरीको उपस्थिति बढाइएको छ।

# मैनाबत्तीमा पहिलो पटक सांसद



तस्बिर : विजयकुमार साह

**प्रतिनिधि सभा सदस्य राजकिशोर महतो स्थानीयसँगै स्थलगत अवलोकन गर्नुहुँदै ।**

**ढल्केबर समाचारदाता**
*ढल्केबर, साउन १२ गते*

धनुषाको दुर्गम क्षेत्र मानिने गणेशमान चारनाथ नगरपालिका–५ मा पहिलो पटक प्रतिनिधि सभा सदस्य राजकिशोर महतो पुग्नुभएको छ। त्यस क्षेत्रको स्थलगत अवलोकन तथा स्थानीयसँग अन्तर्क्रिया गर्न उहाँ सोमबार पुग्नुभएको हो।

धनुषा निर्वाचन क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्य उहाँले आफ्नो निर्वाचन क्षेत्रबाहिर रहेको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत पर्ने सो क्षेत्रको अवस्थालाई नजिकबाट बुझ्न पैदलयात्रा गर्दै विभिन्न बस्तीको अवलोकन गर्नुभयो।

गणेशमान चारनाथ नगरपालिका–५, अन्तर्गत मैनाबत्ती, चिसापानी, दमार, गुन्डाई, सडहा र घोरम हुँदै सिन्धुलीको धनसरीसम्म फैलिएको यो क्षेत्र धनुषाकै सबैभन्दा दुर्गम बस्ती मानिन्छ। यहाँका बासिन्दा बर्सौंदेखि सडक, पुल, स्वास्थ्यसेवा तथा यातायातको अभाव झेल्दै आउनुभएको छ। विशेष गरी बर्खायाममा सडक हिलाम्मे हुने र खोलानालामा पानी बढ्ने भएकाले बिरामीलाई अस्पतालसम्म लैजानसमेत कठिन हुने गरेको स्थानीयको गुनासो छ।

स्थानीयवासी पहिलो पटक प्रतिनिधि सभा सदस्यलाई प्रत्यक्ष भेट्न पाउँदा उत्साहित देखिनुभएको थियो। उहाँहरूले महतोलाई गाउँमा स्वागत गर्दै विगतमा मतदान गरेर जिताएका प्रतिनिधि गाउँसम्म नआएको बताउनुभयो। स्थानीय शिव मानन्धरले निर्वाचनका बेला दलका उम्मेदवार भोट माग्न आउन गरेको भए पनि निर्वाचित भएपछि गाउँमा फर्केर कुनै सांसद नआएको सुनाउनुभयो।

अर्का स्थानीय सन्तोष पहाडीले प्रतिनिधि सभा सदस्यसँग सडक स्तरोन्नति, पक्की पुल निर्माण, स्वास्थ्य चौकी, शिक्षा, खानेपानी तथा पूर्वाधार विस्तारको माग गरेको बताउनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टीका नेतासमेत रहेका सांसद महतोले भन्नुभयो, "पटक पटक निर्वाचनमा भोट माग्न त नेता आउँछन् तर जितेपछि गाउँ फर्केर कोही आएनन्।" पहिलो पटक प्रतिनिधि सभा सदस्यसँग भेटेर यहाँका समस्या सुनाउने अवसर मिलेको उहाँले बताउनुभयो।

स्थलगत अवलोकनपछि आयोजित छलफल कार्यक्रममा प्रतिनिधि सभा सदस्य महतोले जनप्रतिनिधिको मुख्य दायित्व जनताको सेवा र विकासनिर्माण रहेको बताउनुभयो। आफू निर्वाचित भएदेखि नै जनताको कामलाई प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हामी जनताको सेवा गर्न र विकासनिर्माणका काम गर्न निर्वाचित भएका हौँ। सकिने काम इमानदारीपूर्वक गर्नु पर्छ। झुटा आश्वासनले विकास हुँदैन।"

पहिलो पटक यस क्षेत्रमा पुग्दा यहाँको भौगोलिक अवस्था, यातायातको समस्या र स्थानीयले भोगिरहेको कठिनाइ प्रत्यक्ष रूपमा अनुभूति गर्न पाएको प्रतिनिधि सभा सदस्य महतोले बताउनुभयो। उहाँले यस क्षेत्रका खोलामा दुई वटा पक्की पुल निर्माणका लागि आफ्नो पहलमा बजेट स्वीकृत भएको जानकारी दिँदै ती आयोजना सम्पन्न भएपछि बर्सौंदेखिको आवतजावतको समस्या धेरै हदसम्म समाधान हुने जानकारी दिनुभयो।

# गत आर्थिक वर्षमा चालिस किलोमिटर सडक निर्माण

**गौशाला समाचारदाता**
*गौशाला (महोत्तरी), साउन १२ गते*

सडक डिभिजन कार्यालय मुजेलिया जनकपुरधामले आर्थिक वर्ष २०८२/८३ मा धनुषा र महोत्तरी जिल्लामा ४० किलोमिटर कालोपत्रे सडक तथा छ वटा पुल निर्माण सम्पन्न गरेको जनाएको छ।

सडक पूर्वाधार विस्तारसँगै आवागमन सहज बनाउने उद्देश्यले सञ्चालन गरिएका योजनामध्ये अधिकांश सम्पन्न भए पनि केही महत्त्वपूर्ण सडक तथा पुल आयोजना भने निर्माण व्यवसायीको ढिलासुस्ती, कानुनी विवाद र अन्य प्राविधिक कारणले अझै अलपत्र परेका छन्।

सडक डिभिजन कार्यालय जनकपुरधामका प्रमुख इन्जिनियर दरोगा प्रसादका अनुसार गत आवमा धनुषामा ३० किलोमिटर र महोत्तरीमा १० किलोमिटर गरी कुल ४० किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न गरिएको हो। यी सडक सञ्चालनमा आएपछि स्थानीय बासिन्दाको आवागमन सहज हुनुका साथै कृषि उत्पादन ढुवानी, व्यापार तथा सेवा प्रवाहमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

त्यसै आवमा धनुषामा पाँच वटा र महोत्तरीमा एउटा गरी कुल छ वटा पुल निर्माण सम्पन्न भएका छन्। धनुषाको जमुनी नदी, परशुराम तलाउनजिकको अमारीखोला, दुधमतीखोला, बलुवाखोला तथा भुतहाखोलामा पुल निर्माण सम्पन्न भएको कार्यालय प्रमुख प्रसादले जानकारी दिनुभयो। यस्तै महोत्तरीको अङ्कुशखोलामा पनि पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको उहाँले बताउनुभयो।

यसबिच निर्माणको जिम्मेवारी लिएर समयमै काम सम्पन्न नगर्ने ११ वटा निर्माण कम्पनीविरुद्ध सडक डिभिजन कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको छ। कार्यालयका अनुसार धनुषा र महोत्तरीमा निर्माणाधीन सडक तथा पुलका विभिन्न योजनामा ढिलासुस्ती गर्ने कम्पनीसँगको ठेक्का सम्झौता रद्द गरी कानुनबमोजिम आवश्यक कारबाही सुरु गरिएको हो।

प्रमुख प्रसादका अनुसार विशेष गरी जनकपुरधाम–जटही छ लेन सडक अन्तर्गत पर्ने जमुनीखोला, दुधमतीखोला र बसही नदीमा निर्माणाधीन तीन वटा पुल लामो समयदेखि अलपत्र परेपछि सम्बन्धित निर्माण कम्पनीसँगको सम्झौता रद्द गरिएको छ। ती आयोजनालाई समयमै सम्पन्न गराउन नसकेपछि वैकल्पिक प्रक्रिया अपनाएर निर्माणलाई अघि बढाउने तयारी भइरहेको उहाँले बताउनुभयो।

त्यसै गरी कचुरी–नयाँटोल–कटरैत सडक अन्तर्गत जल्लाद नदीको पुल तथा दुहबी–हर्साहा सडकको दुधमती नदी पुल निर्माण भने उच्च अदालतसँग सम्बन्धित कानुनी प्रक्रियाका कारण रोकिएको छ। केही अन्य आयोजनामा सीमा सुरक्षासम्बन्धी विषय, ठेक्का रद्दको प्रक्रिया तथा निर्माण कम्पनीको सुस्त कार्यसम्पादनका कारण पनि काम प्रभावित भएको कार्यालयले जनाएको छ।

निर्माणाधीन पुल र सडक समयमै सम्पन्न हुन नसक्दा बर्खायाममा स्थानीयवासीले सास्ती खेप्दै आएका छन्। पुल अभावमा वैकल्पिक कच्ची बाटो प्रयोग गर्नुपर्ने अवस्था रहेकाले आवागमन जोखिमपूर्ण बनेको स्थानीयको गुनासो छ।

# डुबेर दुई बालिकाको मृत्यु

**वीरगन्ज समाचारदाता**
*वीरगन्ज (पर्सा), साउन १२ गते*

पर्साको वीरगन्ज महानगरपालिका–२६, सुगौली बिर्तामा पानीमा डुबेर दुई बालिकाको ज्यान गएको छ।

घरबाट खेततर्फ जाने बाटोमा बन्दै गरेको कलभर्ट पुलको खाल्डोमा डुबेर ती बालिकाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो।

पानीमा डुबेर ज्यान गुमाउनेमा वीरगन्ज–२६, सुगौली बिर्ताका प्रभु ठाकुरका पाँच वर्षीय छोरी पुचकी ठाकुर र तीन वर्षीय छोरी घघरी ठाकुर रहेका छिन्।

सोमबार साँझ ४/५ बजेतिर घरबाहिर खेलिरहेका बालिका एकाएक हराएपछि घरपरिवारले नजिकका घर तथा टोलमा खोजतलास गरे पनि मङ्गलबार निर्माणाधीन कलभर्ट पुलको पानी जमेको खाल्डोमा बालिकाको शव फेला परेको थियो।

एकै परिवारका दुई बालिकाको निर्माणाधीन कलभर्ट पुलको खाल्डोको पानीमा डुबेर मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ।

मल्लले बालिकाको शवलाई वीरगन्जस्थित नारायणी अस्पतालमा परीक्षण गरी परिवारजनको जिम्मा लगाइएको जानकारी दिनुभयो।

# समस्या थप्दै ओभरलोड मालवाहक सवारी

**बर्दीबास समाचारदाता**
*बर्दीबास, साउन १२ गते*

क्षमताभन्दा बढी भार बोकेर सञ्चालन हुने मालवाहक सवारीका कारण देशका प्रमुख सडक संरचनामा अर्बौं रुपियाँ बराबरको क्षति पुग्दै गएको छ। विशेष गरी भारतबाट भित्रिने १० देखि १८ चक्के ट्रक तथा इँटा र काठ ढुवानी गर्ने सवारीका कारण सडक क्षतिग्रस्त बनेको हो।

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार बिपी राजमार्ग, महेन्द्र राजमार्ग, बर्दीबास–जलेश्वर, जलेश्वर–मटिहानी र जनकपुर–भिट्टामोड सडकको भारवहन क्षमता १०.२ मेट्रिक टन मात्र छ तर चालक तथा व्यवसायीले बढी भाडा कमाउने उद्देश्यले क्षमताभन्दा दोब्बर अर्थात् ५० देखि ६० टनसम्म सामान ढुवानी गर्ने गरेका छन्।

अत्यधिक भारका कारण कालोपत्रे, पुल र कलभर्टलगायत संरचना बिग्रिएर राज्यलाई ठुलो आर्थिक भार थपिनुका साथै दुर्घटना, ट्राफिक जाम र सडक अवरुद्ध हुने समस्या बढेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दीबासका प्रमुख प्रहरी निरीक्षक बाबुराम कार्कीका अनुसार ट्राफिक प्रहरीले ओभरलोड सवारीलाई कारबाही र जरिबाना गर्दै आएको छ। आर्थिक वर्ष २०८२/८३ मा क्षमताभन्दा बढी भार बोकेका ३१ वटा सवारीलाई यातायात कार्यालयमार्फत कारबाही गरी सात लाख ९७ हजार ५५४ रुपियाँ जरिबाना गराइएको छ।

मालवाहक सवारीको भारवाहन नियमनसम्बन्धी निर्देशिका, २०७४ अनुसार कारबाही अघि बढाइए पनि भन्सारलगायत सीमामा रहेका अन्य निकायसँग प्रभावकारी समन्वय नहुँदा नियन्त्रणमा चुनौती थपिएको प्रहरीको भनाइ छ। सडक डिभिजन र ट्राफिक प्रहरीले सडक संरक्षण, ट्राफिक अनुशासनको पालना र ओभरलोड नियन्त्रणका लागि सबै निकायको सहयोग आवश्यक रहेको बताएका छन्।

# सडक विस्तार सुस्त

**वीरगन्ज समाचारदाता**
*वीरगन्ज (पर्सा), साउन १२ गते*

वीरगन्ज महानगर क्षेत्रमा त्रिभुवन राजपथ अन्तर्गतको सडक दायाँबायाँ २५ मिटरभित्रका संरचना भत्काउँदै आउँदा घर भत्काउनु परेपछि सडक विस्तारको काम सुस्त भएको छ। वीरगन्जको माईस्थान, आदर्शनगर, घण्टाघर अनि बिर्ताबजार क्षेत्रको सडक दायाँबायाँ २५ मिटरभित्र घर रहेकाले त्यस्ता भौतिक संरचना हटाउन कठिनाइ हुँदा सडक विस्तारको काम सुस्त गतिमा अघि बढेको हो। सडक डिभिजन कार्यालय हेटौँडाका फोकल पर्सन दुर्गा प्रसादका अनुसार कुनै स्थानमा भवनको केही भाग, कतै भवनको पूरै भाग परेपछि भत्काएर हटाउन बढी समय खर्च भइरहेको छ।

सडक विभागले गत वैशाख ६ र ७ मा पहिलो चरणमा मुख्य सडक क्षेत्रमा करिब १२ सय घर तथा भवनमा डोजर चलाएको थियो। त्यसबेला अधिकांश संरचनाको अगाडिको भाग केही भत्काएर छाडिएको थियो भने सडक सीमाभित्र परेका संरचना २५ दिनभित्र स्वयं हटाउन सम्बन्धित पक्षलाई आग्रह गरिएको थियो।

तोकिएको समयसीमा सकिँदासमेत धेरै संरचना यथावत् रहेपछि विभागले अघिल्लो शुक्रबारदेखि बुधबारसम्म दोस्रो चरणको सडक विस्तार अभियान सुरु गरेको थियो। अघिल्लो बिहीबार गहवामाईको रथयात्रा परेको र अत्यधिक गर्मीलगायतका कारण काम स्थगित गरिएकोमा गत बुधबार पुनः सुरु गरेर शुक्रबार साँझसम्म घण्टाघर क्षेत्रका सानाठुला गरी करिब एक दर्जन घर भत्काइएको थियो। सडक डिभिजन कार्यालय हेटौँडाका नायब सुब्बा राजकुमार अर्यालका अनुसार यसअघिको सर्वोच्च अदालतको फैसला र सङ्घीय सरकारको निर्णय अनुसार आइतबार बिहानदेखि सडक अतिक्रमण गरी निर्माण गरिएका घरटहरा भत्काउन सुरु गरिएको हो।

वीरगन्जको गण्डक चोकदेखि मितेरी पुलसम्मको मुख्य सडकलाई राष्ट्रिय राजमार्गको मापदण्ड अनुरूप दायाँबायाँ २५/२५ मिटर चौडा पार्ने कार्य गर्दा अतिक्रमण गरी निर्माण गरिएका २९ वटा सरकारी कार्यालयका भवन तथा एक हजार दुई सय वटा व्यक्तिका निजी स्वामित्वमा रहेका संरचना हटाउने अभियान सुरु गरिएको हो।

# नगर अस्पताललाई उपकरण

**सर्लाही समाचारदाता**
*सर्लाही, साउन १२ गते*

सर्लाहीको हरिवन नगरपालिका–४ स्थित नगर अस्पताल सासापुरमा अत्याधुनिक प्रयोगशाला उपकरण हस्तान्तरण गरिएको छ।

लायन्स क्लब अफ काठमाडौँ अल्काले नगर अस्पतालका लागि थाइराइड हर्मोन परीक्षण गर्ने केमिलुमिनेसेन्स एनालाइजर, सिबिसी परीक्षण गर्ने हेमाटोलोजी एनालाइजर र मधुमेह परीक्षण गर्ने ग्लाइकेटेड हेमोग्लोबिन विश्लेषक (एचबिएवानसी एनालाइजर) मेसिन प्रदान गरेको हो।

यो सहयोगले नगर अस्पतालको प्रयोगशाला (ल्याब) बाट प्रदान हुने सेवालाई स्तरोन्नति गर्न ठुलो मद्दत पुगेको हरिवन नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख रामबाबु चौधरीले जानकारी दिनुभयो।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ
सडक डिभिजन हेटौँडा, मकवानपुर

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशन मिति : २०८३।०४।१३

यस डिभिजनबाट राष्ट्रिय दैनिकको मिति २०८३/०१/०४ को संस्करणमा प्रकाशित Invitation For Bids Notice No.: 07-2082/083 को PPMO को E-Procurement Portal मार्फत बोलपत्र आह्वान गरिएको तपसिलका निर्माण कार्यमा पेश भएका बोलपत्र दाताहरूबाट E-Bid मार्फत प्राप्त प्राविधिक एवं आर्थिक प्रस्तावमध्ये मिति २०८३/०२/२२ गते खोलिएको बोलपत्र दाताहरूको प्राविधिक प्रस्तावहरूको बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन सम्पन्न भई मिति २०८३/०४/११ गतेको निर्णयले स्वीकृत भएको हुँदा तपसिल बमोजिमका बोलपत्र दाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरूको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आर्थिक प्रस्ताव खोलिने मिति :– २०८३।०४।२० गते बुधबार, समय :– बिहान ११:०० बजे,**
**स्थान :– सडक डिभिजन हेटौँडा**

| सि.नं. | ठेक्का नं. | प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएका बोलपत्र दाताहरूको नामावली |
|---|---|---|
| 1 | RDHTD/33701169/2082/083-43 | 1. M/S P.R. Infrastructure Pvt.Ltd., Lalitpur-08, Lalitpur<br>2. M/S Ramsagar-Kailash J.V., Manthali, Ramechhap<br>3. M/S Rakta Kanya-Prakashtara-Timely J.V., Chandragiri-03, Kathmandu<br>4. M/S K. & K.G.-Kandel J.V., Kathmandu-14, Kalimati<br>5. M/S Indrayani-Saksham-Shankha J.V., Godawari-05, Lalitpur |

डिभिजन प्रमुख

Government of Koshi Province
Ministry of Water Supply, Irrigation and Energy
Water Resources and Irrigation Development Division, Khotang

Amendment of Bid

Date of Publication (Amendment of Bid) : 2083/04/13 (2026/07/29)
Amendment No. : 1

This is to notify that following amendment (as per ITB 22.2) has been made in following bid documents published on 1st July 2026 (2083-03-17) in "Gorkhapatra National Daily".

| S. N. | Contract No. | Description of Works | Location | Existing Deadline | Updated deadline for the purchase and submission of the bid (ITB 22.1) | Updated bid opening date and time (ITB 25.1) |
|---|---|---|---|---|---|---|
| 1. | IMEP/Khotang/B-1b/CW-64 | Construction of Chimchima Khola Irrigation Sub-Project | Diktel Rupakot Majhuwagadhi Municipality-10, Khotang | 31 July 2026 (2083-04-15) | 14 August 2026 (2083-04-29), 12:00 Noon | 14 August 2026 (2083-04-29), 12:30 PM |

Division Chief

Government of Koshi Province
Ministry of Water Supply, Irrigation and Energy
Water Resources and Irrigation Development Division
Gaighat, Udayapur

Amendment of Bid

Date of Publication (Amendment of Bid): 2083/04/13 (29/07/2026)
Amendment No. 1

This is to notify that following amendment (as per ITB 22.2) has been made in following bid documents published on 1st July 2026 (2083-03-17) in "Gorakhapatra National Daily".

| S. N. | Contract No. | Description of works | Location | Existing Deadline | Updated deadline for the purchase and submission of the bid (ITB 22.1) | Updated bid opening date and time (ITB 25.1) |
|---|---|---|---|---|---|---|
| 1. | IMEP/Udayapur/B-1b/CW-78 | Construction & Rehabilitation of Babiya Khola Irrigation Sub Project | Triyuga Municipality-02, Udayapur | 31st July 2026 (2083-04-15) | 14th August 2026 (2083-04-29), 12:00 Noon | 14th August 2026 (2083-04-29), 12:30 PM |

Division Chief

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र
बाँसबारी, काठमाडौँ

प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८३।०४।१३)

यस केन्द्रका लागि आवश्यक निम्न बमोजिम प्रस्ताव आह्वान भए अनुसार प्राप्त प्रस्तावहरूमध्ये तपसिलमा उल्लिखित प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | प्रस्ताव नं. | प्रस्तावको विवरण | छनोट भएको प्रस्ताव दाताको नाम, ठेगाना | कुल बोल रकम ने.रु.(भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | SGNHC/NCB/082/83/33 | Supply and delivery of Surgical Disposable Items | Jaya Saibaba Surgical House Pvt.Ltd. | 229,600.00 |
| | | | Kageshwori Trade Concern | 5,098,370.00 |
| | | | Rayamajhi Enterprises | 233,250.00 |
| | | | Hospital Service Nepal Pvt.Ltd. | 261,900.00 |
| | | | Sanjeev Surgical House | 3,552,800.00 |
| | | | R.Y. Traders | 309,480.00 |
| | | | Bikash Surgical Concern Pvt.Ltd. | 669,400.00 |
| | | | Care Medico Pvt.Ltd. | 2,745,070.00 |
| | | | Parth International | 1,684,700.00 |
| | | | Mahashakti Suppliers | 1,278,300.00 |
| | | | Vision Meditech Pvt.Ltd. | 28,000.00 |
| | | | Subhaarambha Surrgical Concern Pvt.Ltd. | 4,412,000.00 |
| | | | United Medical Devices Pvt. Ltd. | 2,058,500.00 |
| | | | Saurya Enterprises | 589,915.00 |
| | | | Himal Mediserve Pvt.Ltd. | 459,900.00 |
| | | | Shree Laxmi Impex | 3,185,000.00 |
| | | | Real World Solution Pvt.Ltd. | 12,571,000.00 |
| | | | Om Medical Technologies Pvt.Ltd. | 840,000.00 |
| | | | Super Surgical Concern | 1,842,500.00 |